बैठक संख्याः २।२०८३

बैठक मितिः २०८३।१।२२ गते, समयः बिहान ११:३० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

आज मिति २०८३।१।२२ गते, मंगलवार बिहान ११:३० बजे ससकोशी नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरू माथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद ढकाल | नगर प्रमुख-अध्यक्ष | | [signature] |
| २ | श्री रिता कुमारी चौधरी | नगर उपप्रमुख | | [signature] |
| ३ | श्री रोहिणी प्रसाद पोखरेल | वडा अध्यक्ष | १ | [signature] |
| ४ | श्री जाहिर हुसेन | वडा अध्यक्ष | २ | [signature] |
| ५ | श्री देवकान्त गोजेवार | वडा अध्यक्ष | ३ | [signature] |
| ६ | श्री जयराम खंग | वडा अध्यक्ष | ४ | [signature] |
| ७ | श्री गोसाई चौधरी | वडा अध्यक्ष | ५ | [signature] |
| ८ | श्री नन्दी लाल चौधरी | वडा अध्यक्ष | ६ | [signature] |
| ९ | श्री जितन चौधरी | वडा अध्यक्ष | ७ | जितन |
| १० | श्री केदार प्रसाद साह | वडा अध्यक्ष | ८ | [signature] |
| ११ | श्री भरत खड्ग | का.वा.वडा अध्यक्ष | ९ | B [signature] |
| १२ | श्री विजय कुमार राउत | का.वा.वडा अध्यक्ष | १० | विजय |
| १३ | श्री डोलेश्वर खड्ग | वडा अध्यक्ष | ११ | [signature] |
| १४ | श्री मनो कुमारी चौधरी | कार्यपालिका सदस्य | ३ | [signature] |
| १५ | श्री राजेन्द्र वि.क. | कार्यपालिका सदस्य | २ | |
| १६ | श्री रमेश प्रसाद साह | कार्यपालिका सदस्य | ८ | |
| १७ | श्री ललिता देवी खड्ग | कार्यपालिका सदस्य | ९ | ललिता |
| १८ | श्री प्रभा कुमारी चौधरी | कार्यपालिका सदस्य | ५ | प्रभा |
| १९ | श्री संझा कुमारी चौधरी | कार्यपालिका सदस्य | ६ | संझा |
| २० | श्री शान्ति देवी यादव | कार्यपालिका सदस्य | १० | शान्ती |
| २१ | श्री संजु देवी चौधरी | कार्यपालिका सदस्य | ११ | |
| २२ | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | | [signature] |
| आमन्त्रित एवं सहयोगी कर्मचारीहरू | | | | |
| १ | श्री प्रकाश सुवेदी | अधिकृत सातौं | | [signature] |
| २ | श्री कबिता बस्नेत | लेखा अधिकृत | | |

बैठक संख्याः २।२०८३

बैठक मितिः २०८३।१।२२ गते, समयः विहान ११:३० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

| क.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| ३ | श्री लोकेश चन्द्र पैकरा | इन्जिनियर सातौं | | |
| ४ | श्री किशोर कुमार यादव | इन्जिनियर छैठौं | | |
| ५ | श्री रण बहादुर मगर | अधिकृत छैठौं | | |
| ६ | रामवहादुर ढकाल | चालक | | |

**प्रस्तावहरू**

१. प्रस्ताव नं. १ : नगर कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्वन्धमा ।

२. प्रस्ताव नं. २ : सुकुम्वासीको पहिचान र सरकारी/सार्वजनिक जग्गा संरक्षण सम्वन्धमा ।

३. प्रस्ताव नं. ३ : चन्द्र नहर सिंचाइ प्रणाली अन्तर्गत अतिक्रमण संरचनाहरु हटाउने सम्वन्धमा ।

४. प्रस्ताव नं. ४ : त्रियुगा मोक्षधाम निर्माणको IEE को सार्वजनिक सुनुवाई सम्वन्धमा ।

५. प्रस्ताव नं. ५ : आर्थिक सहायता सम्वन्धमा ।

**निर्णयहरू**

**निर्णय नं. १**

ससकोशी नगरपालिकाको अघिल्लो नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौं (स्थानीय तह समन्वय शाखा) को पत्र संख्या २०८२/०८३ च.नं. ४१२ मिती २०८३/०१/१७ गतेको पत्रानुसार सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण देहाय बमोजिम गर्ने/गराउने सन्वन्धी विषयक पत्र बैठक समक्ष जानकारी भयो।

**देहाय**

१. सम्वन्धित जिल्ला प्रशासन कार्यालयसँगको समन्वयमा नगरपालिका क्षेत्र भित्र रहेका सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गरी बसेका घरपरिवारमध्ये वास्तविक सुकुम्वासी पहिचान गर्ने।

२. पहिचान भएका वास्तविक सुकुम्वासीलाई तत्काल अन्यत्र व्यवस्थापन गर्ने योजना (सुरक्षित आवास, स्वस्थ खानपान, गोपनियताको संरक्षण, औषधोपचार तथा परामर्श, महिला तथा अपाङ्गतामैत्री आवास कक्ष, सुरक्षा प्रवन्ध लगायत) तयार गर्ने।

३. पहिचान भएका वास्तविक सुकुम्बासीलाई व्यवस्थापन गरिसकेपछि सम्बन्धित जग्गाको अतिक्रमण हटाउने क्रममा सुरक्षा व्यवस्था आवश्यक भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा माग गर्ने।

४. आफ्नो नगरपालिका क्षेत्रभित्रका सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने/गराउने सम्बन्धी अन्य आवश्यक कार्य गर्ने।

५. सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण नगरि दिन र जोखिम पूर्ण स्थानमा बसोबास नगर्न आम जनतालाई सुसूचित गराउने।

उल्लिखित विषयको सम्वन्धमा विगतमा ससकोशी नगरपालिकाको सवै वडाहरुवाट सम्वन्धित व्यक्तिहरुले दिएको निवेदनको आधारमा भूमिहिन सुकुम्वासी, भूमिहिन दलित, अव्यवस्थित वसोवासीहरुको लगत विवरण तयार भएकोमा सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गरी वसेका घरपरिवारमध्ये वास्तविक भूमिहिन सुकुम्वासी, भूमिहिन दलितहरुको पहिचान गरी दुई वटै समूहको तीनपुस्ते नामावली सहितको छुट्टा-छुटै विवरण तयार गर्नमा सम्वन्धित वडाहरुले सहयोग गर्ने र ससकोशी नगरपालिका भित्रका सवै वडाहरुले आ-आफ्नो वडा भित्र रहेका अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाहरुको पहिचान गरी कित्ता नं. र क्षेत्रफल सहितको विवरण तयार गरी नगरपालिकामा पेश गर्ने, सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण नगरि दिन र जोखिम पूर्ण स्थानमा बसोबास नगर्न नगरवासीहरुलाई सुसूचित गर्न माईकिङ्ग तथा सूचना सम्प्रेषण गर्ने, सम्पूर्ण वडाहरुले वडा क्षेत्र भित्रको सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ३</u>

कोशी पम्प चन्द्र नहर सिंचाइ व्यवस्थापन कार्यालयको प.सं. २०८२।८३, च.नं. ४७४ मिति २०८३।०१।११ गते र प.सं. २०८२।८३, च.नं. ४८७ मिति २०८३।०१।१५ गतेको पत्रवाट वास्तविक सुकुम्वासीहरूलाई स्थान्तरणका लागि उपयुक्त स्थान नगरपालिकाको समन्वयमा १५(पन्ध्र) दिन भित्र एकिन गर्ने र अतिक्रमित संरचनाहरु हटाउने र मुलुकी देवानी ऐन २०७४ र मुलुकी देवानी कार्यविधि संहिता ऐन २०७४ को परिच्छेद ५ नियम ३०४ उपनियम २,३ अनुसार सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने दायित्व प्रशासनिक निकाय, स्थानीय तह सम्वन्धित समुदाय तथा स्थानीय तहको हुने व्यवस्था रहेको हुँदा चन्द्र नहर

सिँचाइ प्रणाली अन्तर्गत अतिक्रमण भएको नहरहरूको जग्गामा अवैध तरिकाले बनाइएका घर टहरा आदि हटाउने कार्यमा सहयोग गरि दिनु हुन भनि लेखि आएको विषय बैठक समक्ष जानकारी भयो ।उक्त सम्वन्धमा चन्द्र नहर सिँचाइ प्रणालीको मूल नहर, शाखा नहर, प्रशाखा तथा उपशाखा नहरहरु साथै विगत देखि कार्यालयको भोगमा रहेको विभिन्न क्याम्पहरुको सरकारी जग्गाहरुमा अतिक्रमण गरी अनाधिकृत रुपमा बनाईएको घर टहराहरु तथा अन्य विभिन्न प्रयोजन संरचनाहरु निर्माण गरी बसेका घर परिवार मध्ये वास्तविक सुकुम्वासीहरुको पहिचान गरि सोको विवरण ७ (सात) दिन भित्र नगरपालिकामा उपलब्ध गराई दिन सम्वन्धित सवै वडाहरुलाई यस अगाडि जानकारी पठाई सकिएकोमा सम्वन्धित वडाहरुवाट उक्त विवरण उपलब्ध गराउने निर्णय गरियो ।

<u>निर्णय नं. ४</u>

ससकोशी नगरपालिकाको लागि चालु आ.व.२०८२।०८३ मा नेपाल सरकार, राष्ट्रिय योजना आयोगबाट समपुरक अनुदान अन्तर्गत त्रियुगा मोक्ष धाम निर्माण योजनाको लागि बजेट रु.८७०००००।– (सतासी लाख) प्राप्त भएको र उक्त योजना निर्माणको लागि त्रिवर्षिय बजेट रु.७०००००००।-(सात करोड न.पा. साझेदारी समेत) बजेट विनियोजन भएकोले ससकोशी नगरपालिका वडा नं.१ स्थित चन्द्र नहरको हेडबाँध छेउको त्रियुगा नदी किनारामा त्रियुगा मोक्ष धाम निर्माण गर्नको लागि प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्ने भएकोले सो को लागि परामर्शदाता ईन्डिभ्योर ईन्जिनियरिङ्ग सर्विसेज प्रा.लि., काठमाण्डौं-३२, पेप्सीकोला छनौट भई परामर्शदाताको तर्फबाट पेश हुन आएको त्रियुगा मोक्ष धाम निर्माणको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनको कार्यसूची मिति २०८३।१।३ गतेको नगर कार्यपालिका बैठकबाट स्वीकृत भएकोमा सम्वन्धित सरोकारवालाहरुवाट राय सुझाव सल्लाहा प्राप्तिको लागि मिति २०८३ वैशाख २८ गते, सोमवार, विहान ११:०० बजे वडा नं.१ स्थित चन्द्र नहर हेड बाँध, फत्तेपुर रहेको स्थानको खुलाचौरमा आयोजना हुने त्रियुगा मोक्षधाम निर्माणको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनको लागि सार्वजनिक सुनुवाई कार्यक्रममा सवै वडा अध्यक्षहरु एवं नगर कार्यपालिका सदस्यहरु सहभागी हुने निर्णय गरियो ।

बैठक संख्याः २।२०८३
बैठक मितिः २०८३।१।२२ गते, समयः बिहान ११:३० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

<u>निर्णय नं. ५</u>

ससकोशी नगरपालिकामा कार्यरत का.स. श्री विकास कुमार चौधरीले आफू मिति २०८२।४।५ गते कार्यालयबाट घर फर्किने क्रममा मोटरसाईकल दुर्घटना परि उपचार गर्दा खर्च लागेको र मेरो आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहयोग उपलब्धताको लागि निवेदन गरेकोले चालु आ.ब. २०८२।०८३ मा आर्थिक सहायता शिर्षकमा विनियोजित बजेट मध्येबाट रु.५००००।- आर्थिक सहायता रकम उपलब्ध गराउने निर्णय गरियो ।